**आकाशवाणी समाचार- नेपाली**
**मितिः ०८ अक्तूबर २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**
राष्ट्रपति द्रौपदी मुर्मू हिमाचल प्रदेशको तीन दिने भ्रमणमा हुनुहुन्छ। आज, राष्ट्रपतिले रोहताङस्थित अटल सुरुङको भ्रमण गर्ने कार्यक्रम रहेको छ।

प्रधानमंत्री नरेन्द्र मोदी र स्विट्जरलैंडका राष्ट्रपति गी पाह्मलांले आज भारत मंडपममा दोस्रो **भारत-ईएफटीए समृद्धि शिखर सम्मेलन-2026** लाई संबोधन गर्नुहुनेछ ।

प्रधानमंत्री नरेंद्र मोदी र भारतीय जनता पार्टीका राष्ट्रीय अध्यक्ष नितिन नवीनले आज विकसित भारत संकल्प सभालाई संबोधित गर्नुहुनेछ ।

भारत र घानाले वैज्ञानिक अनुसन्धान, शिक्षा, क्षमता निर्माण, कृषि अनुसन्धान र शिक्षाको क्षेत्रमा सहयोग सुदृढ गर्न दुई समझदारी पत्रमा हस्ताक्षर गरेको छ ।

भारतले पहिलो टी–२० मैचमा वेस्ट इन्डिजलाई 8 विकेटले पराजित गरेको छ।

**हिमाचल प्रदेशको राष्ट्रपतिद्वारा भ्रमण**
राष्ट्रपति द्रौपदी मुर्मू हिमाचल प्रदेशको तीन दिने भ्रमणमा हुनुहुन्छ। हिजो बिलासपुर आइपुगेपछि उहाँले एम्स (AIIMS) बिलासपुरको पहिलो दीक्षान्त समारोहमा भाग लिनुभयो र त्यहाँ उत्कृष्ट विद्यार्थीहरूलाई पदक तथा उपाधि प्रदान गर्नुभयो। आज, उहाँको भ्रमणको दोस्रो दिन, राष्ट्रपतिले रोहताङस्थित अटल सुरुङको भ्रमण गर्ने कार्यक्रम रहेको छ। हाम्रा संवाददाताबाट थप विवरण:

**Byte**

**प्रधानमंत्री-मोदी-ईएफटीए शिखर सम्मेलन**
प्रधानमंत्री नरेन्द्र मोदी र स्विट्जरलैंडका राष्ट्रपति गी पाह्मलांले आज भारत मंडपममा दोस्रो **भारत-ईएफटीए समृद्धि शिखर सम्मेलन-2026** लाई संबोधन गर्नुहुनेछ । यो सम्मेलन **भारत-यूरोपीय मुक्त व्यापार संघ** को साथ **व्यापार र आर्थिक साझेदारी समझौता-टीईपीए** को पहिलो वर्षगांठको अवसरमा आयोजित भइरहेको छ ।
सम्मेलनमा भारत र ईएफटीए सदस्य देशहरू स्विट्जरल्याण्ड, नर्वे, आइसल्याण्ड र लिकटेंस्टीनका वरिष्ठ अधिकारीहरू, उद्योगका नेताहरू र प्रमुख सरोकारवालाहरू सहभागी हुनेछन्। यसको उद्देश्य आर्थिक सहयोगलाई अझ सुदृढ पार्नु, व्यापार साझेदारी बढाउनु र लगानी, प्रविधि सहयोग र नवीनताका लागि नयाँ अवसरहरू खोज्नु हो।
"१० खरब डलर लगानी साझेदारी र भारतमा १० लाख रोजगारी सिर्जना" विषयको यस सम्मेलनमा टीईपीएको प्रगति, नयाँ लगानीको घोषणा, उद्योग-सरकार सहकार्यलाई सुदृढ पार्ने र प्रमुख क्षेत्रहरूमा अवसरहरूको खोजी गर्ने विषयमा छलफल गरिनेछ।
राष्ट्रपति गी पाह्मलां तीन दिनको भारत भ्रमणमा हुनुहुन्छ । भारत र ईएफटीए बीचको टीईपीए गत वर्ष अक्टोबर १ मा लागू भएको थियो।
संयुक्त प्रेस वार्तामा प्रधानमंत्री मोदीले भारत-स्विट्जरलैंड संबंधहरुप्रति राष्ट्रपति गी पाह्मलांको प्रतिबद्धताको सराहना गर्नुभयो । उहाँले भन्नुभयो, भारतले गत वर्ष अक्टोबरमा ईएफटीए देशहरूसँग ऐतिहासिक व्यापार र आर्थिक साझेदारी सम्झौता गरेको थियो।

राष्ट्रपति गी पाह्मलांले भन्नुभयो, भारत र स्विट्जरल्यान्डबीचको सम्बन्ध साझा लोकतान्त्रिक मूल्यहरू, विश्वास र आपसी सम्मानमा आधारित छ। उहाँले भन्नुभयो, उहाँको भ्रमण दुई देशहरूबीच लामो समयदेखि रहेको व्यापक र बलियो सम्बन्धलाई अझ बलियो बनाउनको दिशामा एक महत्त्वपूर्ण कदम हो।

**<u>प्रधानमंत्री-जीएसएमए</u>**

प्रधान मन्त्री नरेन्द्र मोदीले टेक्नोलोजी समावेशी र दिगो विकासको साधन बन्नु पर्ने बताउनुभएको छ। प्रधानमंत्रीले भारत मोबाइल कांग्रेस भन्दा पहिले हिजो ,सेवा तीर्थमा ग्लोबल सिस्टम फॉर मोबाइल कम्युनिकेशंस एसोसिएशन - जीएसएमए का बोर्ड सदस्यहरुको साथ बातचीत गर्नुभयो । भारत मोबाइल कांग्रेस 7 देखि 10 अक्तूबर सम्म नयाँ दिल्लीमा आयोजित गरिनेछ । श्री मोदीले भन्नु भयो समाजको कुनै पनि वर्गलाई पछाडि नछोड्न प्रौद्योगिकी लोकतान्त्रिकरण आवश्यक छ ।उहाँले प्रविधि र डिजिटल सेवाहरूलाई सस्तो र पहुँचयोग्य बनाउनुपर्नेमा जोड दिनुभयो । श्री मोदीले अल्पविकसित र विकासशील देशहरूमा बढ्दो डिजिटल विभाजनलाई रोक्न प्रविधिमा अन्तिम माइलसम्म पहुँचमा पनि जोड दिनुभयो । प्रधान मन्त्रीले डिजिटल सार्वजनिक पूर्वाधारको सम्भावनालाई विकासशील देशहरूका लागि रूपान्तरणकारी शक्तिको रूपमा वर्णन गर्नुभयो। उहाँले भन्नुभयो कि धेरै विश्व नेताहरूसँग यस पूर्वाधारको बारेमा उहाँको छलफलले यसको बढ्दो विश्वव्यापी सान्दर्भिकता प्रदर्शन गरेको छ। श्री मोदीले भन्नु भयो कि यस्ता प्लेटफर्महरूले अल्प विकसित र विकासशील देशहरूका लागि लन्चप्याडको रूपमा काम गर्न सक्छन्।

जीएसएमए एक विश्वव्यापी संगठन हो जसले मोबाइल इकोसिस्टमलाई एकीकृत गर्दछ, र मोबाइल इकोसिस्टम र सम्बन्धित उद्योगहरूमा मोबाइल अपरेटरहरू र संगठनहरूको प्रतिनिधित्व गर्दछ।

**<u>बीजेपी पीएम कार्यक्रम</u>**

**प्रधानमन्त्री नरेन्द्र मोदीले सार्वजनिक सेवाको २५ वर्ष पूरा गर्दैहुनुहुन्छ ।यस** अवसरमा प्रधानमंत्री नरेंद्र मोदी र भारतीय जनता पार्टीका राष्ट्रीय अध्यक्ष नितिन नवीनले आज विकसित भारत संकल्प सभालाई संबोधित गर्नुहुनेछ ।

प्रधानमंत्री र राष्ट्रीय अध्यक्षको संबोधनका साथै पार्टीका कयौ वरिष्ठ नेता उत्तर प्रदेशका विभिन्न भागबाट भर्चुअल माध्यमबाट कार्यक्रममा सहभागी हुनुहुनेछ । भाजपाका राष्ट्रीय महासचिव र उत्तर प्रदेश प्रभारी विनोद तावड़े अयोध्याबाट शामेल ह्नुहुनेछ । मुख्यमंत्री योगी आदित्यनाथ, उपमुख्यमंत्री ब्रजेश पाठक र प्रदेश सह-प्रभारी डॉ. मेधा कुलकर्णी लखनऊको हजरतगंज स्थित सरदार वल्लभभाई पटेलको प्रतिमा स्थलबाट कार्यक्रममा शामेल हुनुहुनेछ ।

प्रदेश भाजपा अध्यक्ष र वित्त राज्य मंत्री पंकज चौधरी वाराणसीबाट, जबकि भाजपाका पूर्व राष्ट्रीय अध्यक्ष र केंद्रीय मंत्री जे.पी. नड्डा नोएडाबाट कार्यक्रममा शामेल हुनुहुनेछ । भाजपाका पूर्व राष्ट्रीय अध्यक्ष र रक्षा मंत्री राजनाथ सिंह गाजियाबादबाट उपस्थित रहनुहुनेछ ।साथै उपमुख्यमंत्री केशव प्रसाद मौर्य प्रयागराज बाट, प्रदेश सह-प्रभारी प्रदीप वर्मा सीतापुरबाट र प्रदेश सह-प्रभारी अनंत ओझा बुलंदशहरबाट कार्यक्रममा भाग लिनुहुनेछ ।

यी सबै स्थानहरुमा आयोजित विकसित भारत संकल्प सभामा पार्टी पदाधिकारी, निर्वाचित जनप्रतिनिधि, कार्यकर्ता र स्थानीय मानिसहरु पनि जुडनेछन ।

**<u>मंत्रिमंडल-फैसला</u>**

केन्द्रिय मंत्रिमंडलले एकीकृत परिवहन तथा लजिस्टिक्स प्राधिकरणको गठनलाई अनुमोदन गरेको छ। नयाँ दिल्लीमा हिजो केन्द्रीय मंत्रिमंडलको बैठकपछि मीडियालाई जानकारी दिँदै सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले यसले परिवहन तथा लजिस्टिक्स क्षेत्रमा अनुसन्धान, योजना, मूल्याङ्कन, निगरानी र प्रभाव मूल्याङ्कनलाई बलियो बनाउने बताउनुभयो।उहाँले भन्नुभयो यसले देशमा एकीकृत परिवहन र लजिस्टिक्स योजनाको लागि शीर्ष संस्थाको रूपमा काम गर्नेछ।श्री वैष्णवले देशको सकल घरेलू उत्पाद लगभग सात देखि आठ प्रतिशतको दरले बढिरहेको र यसका साथै लजिस्टिक्सको माग पनि लगातार बढिरहेको बताउनुभयो।

केन्दिय मंत्रिमंडलले, प्रधानमन्त्री नरेन्द्र मोदीलाई सरकारको प्रमुखको रूपमा 25 वर्ष पूरा गरेकोमा बधाई दिँदै एक प्रस्ताव पारित गरेको छ। श्री मोदीले 7 अक्टूबर 2001 मा गुजरातको मुख्यमन्त्रीको रूपमा पदभार ग्रहण गर्नुभएको थियो र वर्ष 2014 मा प्रधानमन्त्रीको रुपमा निर्वाचित हुनुभएको थियो। आज प्रधानमंत्री मोदीले सरकारको प्रमुखको रूपमा 25 वर्ष पूरा गर्नुहुनेछ।

**Byte**

**<u>सेवा संकल्प अभियान</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले सार्वजनिक सेवाको २५ वर्ष पूरा गर्नु भएको छ।**राष्ट्रको सेवा र निरन्तर प्रतिबद्धता र सुशासनको** मन्त्रबाट प्रेरित सरकार २०४७ सम्म विकसित **भारतको** लक्ष्य साकार पार्ने दिशामा निरन्तर लागिरहेको छ।समावेशी विकास र सामाजिक सशक्तिकरणले जनताको जीवनमा परिवर्तन ल्याइरहेको छ।

आज, हाम्रो विशेष श्रृंखलामा,हामी **कसरी गोवाको** सागरमाला कार्यक्रमले **यस दृष्टिकोणलाई** वास्तविकतामा परिणत गरेको छ भन्ने बारेमा कुरा गर्नेछौं।

**Byte**

**<u>भारत-घाना सम्झौता</u>**

भारत र घानाले वैज्ञानिक अनुसन्धान, शिक्षा, क्षमता निर्माण, कृषि अनुसन्धान र शिक्षाको क्षेत्रमा सहयोग सुदृढ गर्न दुई समझदारी पत्रमा हस्ताक्षर गरे। विदेश मन्त्री डा. एस जयशंकरको घाना भ्रमणका क्रममा यी सम्झौताहरूमा हस्ताक्षर गर्नु भएको थियो। दुवै देशहरू दक्षिण-दक्षिण सहयोगलाई अझ बलियो बनाउनको लागि काम गरिरहेका छन्।

जयशंकरले **घानाका विदेश मन्त्री साम ओकुद्जेतो अब्लाकवासँग** पनि सम्झौताहरू आदानप्रदान गरे। एक सामाजिक मिडिया पोस्टमा डा. जयशंकरले जानकारी दिदै भन्नु भयो कि एक सम्झौता अन्तर्गत भारतीय प्राणी सर्वेक्षण र घाना विश्वविद्यालयबीच शैक्षिक क्षेत्र, वैज्ञानिक अनुसन्धान र क्षमता निर्माणको क्षेत्रमा सहकार्य हुनेछ। दोस्रो सम्झौताले कृषि अनुसन्धान र शिक्षाको क्षेत्रमा भारतीय कृषि अनुसन्धान परिषद र घानाको सीएसआईआर-बाली अनुसन्धान संस्थानबीच सहयोगको व्यवस्था गर्दछ। यस अघि डा. जयशंकर र **अबालाक्वाले** भारत-घाना व्यापक साझेदारीलाई बलियो बनाउने विषयमा विस्तृत छलफल गर्नुभयो। दुवै मन्त्रीहरूले व्यापार, लगानी, विकास, औषधि, क्षमता निर्माण, रक्षा, प्रविधि र जनता-जनताबीचको सम्पर्क बढाउने उपायहरूबारे छलफल गर्नुभयो। उनीहरूले बहुपक्षीय सहयोगलाई सुदृढ पार्ने र अफ्रिकी संघ र **पश्चिम अफ्रिकी राज्यहरूको आर्थिक समुदाय - इकोवाससँग** भारतको सहयोगलाई अझ बढाउने विषयमा पनि चर्चा गरे। यस अघि डा. जयशंकरले घानाका राष्ट्रपति जोन ड्रामानी महामासँग भेट गर्नुभयो।विदेशमन्त्री डा. जयशंकर यस महिनाको १० तारिखसम्म घाना, कोट **डी आइवर र** इथियोपियाको तीन राष्ट्रको भ्रमणमा हुनुहुन्छ। भ्रमणका क्रममा उहाँले आफ्ना समकक्षीहरूसँग द्विपक्षीय बैठकहरू गर्नुहुनेछ र तीन देशका नेतृत्वसँग भेटघाट गर्नुहुनेछ र द्विपक्षीय सम्बन्ध र सहयोगलाई अझ बलियो बनाउने उपायहरूको समीक्षा र छलफल गर्नुहुनेछ।

**<u>क्रिकेट</u>**

भारतले पहिलो टी–२० खेलमा वेस्ट इन्डिजलाई 8 विकेटले पराजित गरेको छ। लखनउमा हिजो राति भएको खेलमा वेस्ट इन्डिजले पहिले ब्याटिङ गर्दै 19 ओभर र एक बलमा 171 रन बनाएको थियो । शेरफेन रदरफोर्डले 56 तथा शाई होपले 52 रन बनाए। भारतका नमन धीरले ३ तथा अक्षर पटेल र कुलदिप यादवले २–२ विकेट लिए। भारतले १ सय ७२ रनको लक्ष्य १४ ओभर ४ बलमा २ विकेटमा पुरा गर्यो। श्रेयस अय्यर १०२ रनमा अविजित रहे भने इशान किशनले ३७ रन बनाए। श्रेयस अय्यर प्लेयर अफ द म्याच घोषित भए। यो जितसँगै भारतले पाँच खेलको सिरिजमा १–० को अग्रता लिएको छ। सिरिजको दोस्रो खेल शुक्रबार राँचीमा हुनेछ।